# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १३ मंसिर २७, २०८०

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०८/२७ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गाउँपालिकाको आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम बमोजिम गाउँपालिकामा MBBS डाक्टर नियुक्ति गरी सेवा प्रवाह गर्ने भनिएकोमा डाक्टरको लागि मासिक पारिश्रमिक रु.७००००।-सम्म दिने यस अघि निर्णय भएकोमा डाक्टरले उक्त पारिश्रमिकमा आउन सहमति नभएको हुँदा मासिक तलब रु.४८७३७।- र ३१२६३।- इन्सेन्टिभ बापत गरि जम्मा रु.८००००।- बराबरको सेवासुविधा नियमानुसारको करकट्टी गरि उपलब्ध गराउने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा गुल्मीदरबार गाउँपालिकामा सञ्चालित कृषि तथा पशु उद्यमशिलतचा विकास परियोजना सञ्चालनका लागि मिति २०७८/८/२१ गतेका दिन मिति २०८० पौष १५ गतेसम्म अवधि हुने गरि सम्झौता भएकोमा परियोजनाबाट हाल भएरहेको युवा उद्यमशिलता कार्यक्रम सञ्चालन भइ सम्पन्न हुनको लागि थप २ महिना आवश्यक पर्ने भएकोले २ महिना म्याद थप गरिदिनु हुन भनि अनुरोध गरेको हुँदा २ महिना म्यादथप गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकामा नियुक्त भएका डाक्टर पुजा पन्थलाई अपाङ्ग परिचय पत्र वितरणको लागि परिक्षण एवं सिफारिसको लागि अख्तियारी दिन निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत